बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
२०७३
गण्डकी प्रदेश, नेपाल
सम्पर्क नं. ९८५७६३२३२८
इमेल – info@barengmun.gov.np
वेब – www.barengmun.gov.np

पत्र संख्या : २०७८/०७९
च.नं.

# करारमा सेवा लिने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति- २०७८/१२/०२

बरेङ गाउँ कार्यपालिकाको मिति २०७८।०९।०८ को निर्णयानुसार बरेङ गाउँ कार्यपालिकाको कार्यालय, हुग्दिशिर बागलुङको लागि स्थायी पदपूर्ति नभएसम्मका लागि देहायको योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्न पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो दोस्रो पटक ७ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी दरखास्त फाराम www.barengmun.gov.np बाट प्राप्त गर्न सकिनेछ। म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| सूचना नं | पद | तह | सेवा | माग संख्या | शैक्षिक योग्यता तथा अनुभव |
|---|---|---|---|---|---|
| ०३ /२०७८/ ०७९ | कम्प्युटर अपरेटर | सहायक पाँचौं | विविध | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई १०+२ उत्तीर्ण गरेको वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको हुनुपर्ने । साथै कार्य अनुभव भएको उमेदवारलाई मुख्य प्राथमिकता दिईनेछ । |

**शैक्षिक योग्यता र अनुभव :**

- नेपाली नागरिक ।
- पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हक मा १८ वर्ष पूराभई ४० वर्ष ननाघेको
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**दरखास्त दस्तुर:** रु. ८००/- (आठ सय मात्र)

**दरखास्त दस्तुर बुझाउने स्थान:** बरेङ गाउँ कार्यपालिकाको कार्यालय, हुग्दिशिर बागलुङमा आई सोझै रसिद काटेर वा यस कार्यालयको प्रभु बैंक लिमिटेडमा रहेको तपशिलको बैंक तथा खातामा बैंकमा गई अथवा अनलाइन माध्यम मार्फत जम्मा गर्न सकिनेछ । तपशिल:

**बैंक खाता नाम:** Ga-1.1 Anatarik Rajashwo , **शाखा:** Bareng, **खाता नं.:** १४४०११२७१७५०००६१

**दरखास्तमा संलग्न गर्नुपर्ने:** विवरण भरेको दरखास्त फारम, उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि र दरखास्त दस्तुर रकम बुझाएको प्रमाणको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

**दरखास्तको माध्यम:** ईच्छुक आवेदकले उल्लेखित बमोजिमको कागजातहरुको प्रतिलिपिहरुसाथ राखी रीतपूर्वकको आवेदन फाराम भरी वेबसाइट(www.barengmun.gov.np/career/computer-operator-1)मा उपलब्ध गराइएको अनलाइन फारमबाट वा यस कार्यालयको ईमेल ठेगाना info@barengmun.gov.np मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ ।

**दरखास्त बुझाउने अन्तिम मिति:** २०७८/१२/०८ गते कार्यालय समय भित्र।

**छनोटको किसिम:** लिखित, अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक।

**परीक्षा पाठ्यक्रम:** लोक सेवा आयोगले तयार पारेको विविध, पाँचौं तह, कम्प्युटर अपरेटर पद(प्रदेश/स्थानीय तह) पाठ्यक्रम बमोजिम हुनेछ ।

**सम्पर्क मिति:** २०७८।१२।०९ **तलव सुविधा:** प्रचलित कानून बमोजिम हुनेछ ।

**परीक्षा मिति:** सम्पर्क मितिमा तोकिनेछ ।

**पुनश्च:** थप जानकारीका लागि ९८५७६३२३२८ मा सम्पर्क गर्न सकिनेछ ।

२०७८/१२/०२

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत